कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२६४ बारा, २०८३ मंसिर १३ गते आईतबार / पञ्चमी / नेपाल संवत् ११४७ / Sunday, November 29 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच

जलाउँदै गरेको महिलाको शव प्रहरी नियन्त्रणमा



रौतहट,१२ मंसिर/रौतहटमा जलाउँदै गरिएको अवस्थामा एक महिलाको शव प्रहरीले नियन्त्रणमा लिएको छ । प्रहरीले दुर्गा भगवती गाउँपालिका(५ की कलावती देवीको शव शुक्रबार बिहान बागमती नदको किनारमा जलाउँदै गरेको अवस्थामा नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको हो ।

मृतकका माइती पक्षले बुधबार राति श्रीमान् दिलिप दास तत्मासहित घरपरिवारका अन्य सदस्यले कुटपिट गरी कलावतीको हत्या गरेको भन्दै प्रहरीमा उजुरी दिएका थिए । कुटपिटबाट मृत्यु भएपछि घटना लुकाउन शुक्रबार बिहान ४ बजे नदी किनारमा लगेर शव जलाइएको माइती पक्षको आरोप छ ।

सोही जाहेरीका आधारमा प्रहरीले मृतकका श्रीमानसहित तीन जनालाई पक्राउ गरी अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार घटनास्थलमा पुग्दा शवको छातीको भाग जल्न बाँकी रहेकाले सोही अवशेष नियन्त्रणमा लिई पोस्टमार्टमपछि माइती पक्षको जिम्मा लगाइएको छ ।

घटनाको गम्भीरतापूर्वक अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक रिजालले बताउनुभयो ।

पथलैया-अमलेखगन्ज सडकखण्डमा २ किमी लामो वन्यजन्तुमैत्री फ्लाइओभर प्रस्ताव



सिमरा, १२ मंसिर/पर्सा राष्ट्रिय निकुञ्जअन्तर्गत पर्ने पथलैया(अमलेखगन्ज सडकखण्डमा २ किलोमिटर लामो वन्यजन्तुमैत्री फ्लाइओभर निर्माण गर्ने प्रस्ताव अघि बढाइएको छ ।

वन्यजन्तुको सुरक्षित आवागमन सुनिश्चित गर्न तथा सवारीसाधनको ठक्करबाट वन्यजन्तुमा हुने दुर्घटना र क्षेति न्यूनीकरण गर्ने उद्देश्यले नेपाल सरकारले एसियाली विकास बैंक (एडीबी) को सहयोगमा उक्त संरचना निर्माण गर्ने गृहकार्य अघि बढाएको हो

पर्सा राष्ट्रिय निकुञ्जका संरक्षण तथा सूचना अधिकृत मनोज मण्डलका अनुसार त्रिभुवन राजपथअन्तर्गत पथलैया(अमलेखगन्ज सडकखण्डको वन क्षेत्रमा वन्यजन्तुमैत्री फ्लाइओभर निर्माण गर्ने प्रस्ताव प्रक्रियामा रहेको छ। यसका लागि आवश्यक सम्भाव्यता अध्ययनसमेत सम्पन्न भइसकेको उहाँले जानकारी दिनुभयो ।

सडक विस्तार तथा स्तरोन्नतिका क्रममा वन्यजन्तुको प्राकृतिक आवागमन मार्ग अवरुद्ध हुन नदिन यस्तो संरचना प्रस्ताव गरिएको मण्डलले बताउनुभयो । सडकमा सवारीसाधनको चाप बढ्दै जाँदा वन्यजन्तु सवारीसाधनको ठक्करमा पर्ने जोखिमसमेत बढ्दै गएको उहाँको भनाइ छ ।

विशेषगरी चित्तल, मृग, बाँदर र चितुवालगायत वन्यजन्तु सडक पार गर्ने क्रममा दुर्घटनामा पर्ने गरेका छन् । यस क्षेत्रमा हात्तीको आवागमनसमेत हुने भएकाले वन्यजन्तु र मानववीचको द्वन्द्व न्यूनीकरणमा पनि फ्लाइओभर प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

प्रस्तावित वन्यजन्तुमैत्री फ्लाइओभर निर्माण भएमा वन्यजन्तुले सडकको माथिल्लो भागबाट सुरक्षित रूपमा आवतजावत गर्न सक्नेछन् । यसले वन्यजन्तुको प्राकृतिक विचरण मार्गलाई निरन्तरता दिनुका साथै सडक दुर्घटनाबाट हुने वन्यजन्तुको क्षति न्यूनीकरणमा सहयोग पुग्ने निकुञ्जको अपेक्षा छ ।

वन्यजन्तुको संरक्षण र सडक सुरक्षालाई एकसाथ प्राथमिकता दिने उद्देश्यले अघि सारिएको यो प्रस्ताव कार्यान्वयनमा आएमा पथलैया(अमलेखगन्ज सडकखण्डमा वन्यजन्तुको सुरक्षित आवागमनका लागि महत्वपूर्ण पूर्वाधार बन्ने विश्वास गरिएको छ ।

निजगढको बकैयानागमणी वन समूहको साधारणसभा सम्पन्न



निजगढ, १२ मंसिर/निजगढ नगरपालिका वडा नम्बर ८ स्थित बकैयानागमणी सामुदायिक वन उपभोक्ता समूहको १७ औ वार्षिक साधारण सभा आज सम्पन्न भएको छ

कार्यक्रमका प्रमुख अतिथि निजगढ नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष स्वर्ण लामाले साधारण सभाको उद्घाटन गर्नुभएको हो। उद्घाटन कार्यक्रममा बोल्दै वडा अध्यक्ष लामाले वन क्षेत्रको संरक्षण, सदुपयोग र विकास कार्यमा उपभोक्ताहरुले मिलेर काम गर्नुपर्ने बताउनुभयो । निर्माणाधिन काठमाण्डौं(तराई/मधेश द्रुतमार्गको प्रारम्भ विन्दु यसै समूहको वन क्षेत्रभित्र पर्ने भएकोले पर्यटकीय र आय आर्जनको दृष्टिले पनि महत्वपूर्ण रहेको बताउँदै वडा अध्यक्ष लामाले वन संरक्षणसंगै पर्यापर्यटकीय स्थलको रुपमा पनि विकास गर्न र उपभोक्ताहरुको जीवनस्तर सुधारका कार्यक्रम संचालन गर्न पनि सुझाव दिनुभयो ।

कार्यक्रममा वन समुहका अध्यक्ष शालिग्राम ढुंगानाले वार्षिक प्रगति प्रतिवेदन र आय व्याय प्रतिवेदन वन समूहका कोषाध्यक्ष कृष्णप्रसाद खरेलको तर्फबाट समूहको कार्यालय सचिव हरी न्यौपानेले प्रस्तुत गर्नुभएको थियो ।

उद्घाटन कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य दुर्गा कोइराला, सामुदायिक वन उपभोक्ता महासंघ बाराका अध्यक्ष रामजी बजगाई, तामागढी सव डिभिजन वन कार्यालय निजगढकी प्रमुख वन अधिकृत शर्मिला नेपाल, डिभिजन वन कार्यालय बाराका वन अधिकृत ललन राउत, स्थानीय समाजसेवी सुर्दशनप्रसाद कोइराला, भोलाप्रसाद गौतम, रामकुमार दाहाल, मुकुन्द लामिछाने लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए

वन समुहका अध्यक्ष शालिग्राम ढुंगानाको अध्यक्षतामा सम्पन्न सो सभामा स्वागत मन्तव्य लक्ष्मीकुमारी गौतम र कार्यक्रम सञ्चालन शारदा खड्काले गर्नुभएको थियो ।

२०६६ सालमा वन कार्यालयमा दर्ता भइ उपभोक्तामा हस्तान्तरण भएको बकैया सामुदायिक वन उपभोक्ता समूह र २०६७ सालमा दर्ता तथा हस्तान्तरण भएको नागमणि नागमणी महिला सामुदायिक वन उपभोक्ता समूहबीच एकीकरणपछि २०७३ सालदेखि बकैयानागमणी सामुदायिक वन उपभोक्ता समूह गठन भएको हो ।

कार्यक्रम निजगढ नगर उद्योग वाणिज्य संघको सभाहलमा गरिएको थियो ।

पर्सासहित ६ जिल्लाका सीडीओ परिवर्तन



वीरगञ्ज, १२ मंसिर/गृह मन्त्रालयले पर्सासहित ६ जिल्लाका प्रमुख जिल्ला अधिकारी (सिडिओ) हरूको सरुवा तथा पदस्थापन गरेको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई गृह मन्त्रालय, सिंहदरबारमा सरुवा गरिएको हो भने उहाँको स्थानमा गृह मन्त्रालयका सहसचिव एकदेव अधिकारीलाई पर्साको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिइएको छ ।

गृहले शुक्रबार गरेको निर्णयनुसार राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) स्तरका ९ जना कर्मचारीको सरुवा तथा पदस्थापन गरिएको हो ।

गृह मन्त्रालयको निर्णयअनुसार पर्सा, रामेछाप, दैलेख, महोत्तरी, प्युठान र सिन्धुली जिल्लाका सीडीओ फेरिएका हुन् ।

सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी (सीडीओ) शशीधर घिमिरेलाई अध्यागमन विभागको महानिर्देशक बनाइएको छ भने यसअघिका महानिर्देशक रामचन्द्र तिवारीलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सहसचिवमा सरुवा गरिएको छ ।

यसैगरी गीताकुमारी होमेगाईलाई रामेछाप, वीरेन्द्रकुमार मिश्रलाई दैलेख, विमलप्रसाद बरालालाई महोत्तरी, शिवप्रसाद रेग्मीलाई प्युठान र दीपक लामिछानेलाई सिन्धुलीको प्रमुख जिल्ला अधिकारीमा खटाइएको छ ।

मधेसका पूर्वमुख्यमन्त्री सोनलद्वारा बाराको प्रसौनीका पार्टी कार्यकर्तासँग भेटघाट

कलैया, १२ मंसिर/मधेश प्रदेशका पूर्वमुख्यमन्त्री तथा जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता जितेन्द्र सोनलले बाराको प्रसौनी गाउँपालिका(५ प्रस्टोकामा स्थानीय नेता, कार्यकर्ता तथा सर्वसाधारणसँग भेटघाट तथा छलफल गर्नुभएको छ ।

जसपा नेपालबाट प्रसौनी गाउँपालिकाको अध्यक्ष पदका प्रत्यासी भोला गुप्ताको उपस्थितिमा आयोजित उक्त भेटघाट कार्यक्रममा समसामयिक राजनीतिक विषय, स्थानीय समस्या तथा जनताका चासोका विषयमा छलफल गरिएको थियो । कार्यक्रममा जसपाका प्रदेश सदस्य सत्यनारायण साह, जसपा नेता बृजकिशोर साह, अशोक साह कानु, प्रमोद साह, रमेश साह तथा पूर्ववडाध्यक्षद्वय सुरेश गुप्ता र आनन्द गुप्तालगायतको सहभागिता रहेको थियो

त्यसैगरी बैजु साह कानुसहित स्थानीय नेता, कार्यकर्ता तथा सर्वसाधारणको समेत उपस्थिति रहेको थियो । भेटघाटका क्रममा स्थानीय बासिन्दासँग आपसी संवाद तथा समसामयिक विषयमा विचार आदानप्रदान गरिएको जनाइएको छ ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

सम्पादकीय.....

निजगढमा सुरक्षा चुनौतीपूर्ण

बाराको निजगढ नगरपालिकामा एकै रात छ वटा सवारी साधन (पाँच मोटरसाइकल र एक स्कुटी) चोरी हुनुले नगरको शान्ति सुरक्षाको अवस्था कति संवेदनशील छ भन्ने देखाएको छ ।

संगठित गिरोह नै सक्रिय भएर एउटै रातमा यति ठूलो संख्यामा सवारी साधन चोरी गर्नु सामान्य घटना होइन । यसले स्थानीय बासिन्दामा त्रास र असुरक्षाको भावना पैदा गरेको छ ।

यद्यपि, घटना लगत्तै निजगढ प्रहरीले देखाएको सक्रियता र तदारुकता भने प्रशंसनीय छ । चोरी भएकामध्ये चारवटा सवारी साधन सोही रात बरामद गरी भोलिपल्टै सम्बन्धित धनीलाई बुझाउन सफल हुनु प्रहरीको व्यावसायिक दक्षताको उदाहरण हो । यसले पीडितहरूलाई तत्काल राहत दिएको छ र प्रहरीप्रतिको जनविश्वासलाई केही हदसम्म जोगाएको छ ।

तर, चोरीका सामान बरामद हुनु मात्र समस्याको समाधान होइन यतिकै भरमा प्रहरी कारबाहीको प्रशंसा गर्न पनि मिल्दैन । अझै दुईवटा मोटरसाइकल फेला पर्न बाँकी छन् भने चोरीमा संलग्न गिरोह प्रहरीको फन्दामा पर्न सकेको छैन । जबसम्म अपराधीहरू कानुनी दायरामा आउँदैनन्, तबसम्म यस्ता घटना दोहोरिने जोखिम रहिरहन्छ । पूर्व(पश्चिम राजमार्गसँग जोडिएको र तीव्र सहरीकरण भइरहेको निजगढमा आपराधिक गिरोहहरूको चलखेल बढ्नु स्वाभाविक चुनौती हो, जसलाई रोक्न परम्परागत सुरक्षा शैली मात्र पर्याप्त हुँदैन ।

सवारी चोरी नियन्त्रणका लागि प्रहरीले रात्रिकालीन गस्ती बढाउनुका साथै मुख्य चोक र संवेदनशील क्षेत्रहरूमा सीसीटीभी क्यामेरा जडान तथा तिनको नियमित मर्मतसम्भारमा स्थानीय सरकारसँग सहकार्य गर्न आवश्यक छ ।

साथै, सवारी धनीहरू स्वयं पनि सचेत हुन जरुरी छ । घरबाहिर वा असुरक्षित स्थानमा सवारी साधन पार्किङ नगर्ने, अतिरिक्त लक (ह्वील लक वा डिस्क लक) प्रयोग गर्ने जस्ता सामान्य सावधानी अपनाउन सके चोरीको जोखिम धेरै कम हुन्छ ।

निजगढ प्रहरीले बाँकी सवारी साधनको खोजी र फरार गिरोहलाई पक्राउ गर्न आफ्नो अनुसन्धानलाई अझ तीव्र बनाउनुपर्छ । सुरक्षा निकायको सक्रियता, स्थानीय सरकारको पूर्वाधारमा लगानी र नागरिकको सचेतनाको त्रिकोणात्मक प्रयासबाट मात्र निजगढलाई सुरक्षित नगर बनाउन सकिन्छ ।



सञ्चारका संरचनात्मक जटिलता



लोकतन्त्रमा राज्य र नागरिकबिचको सम्बन्ध अत्यन्त प्रगाढ हुनु पर्छ । यी दुई पक्षबिचको आपसी सम्बन्धले मुलुकको लोकतान्त्रिक सबलता निर्धारण गर्छ । राज्य र नागरिकबिचको सम्बन्ध केवल संविधान, प्रशासनिक संरचना, सेवा प्रवाह, निर्वाचन, कर, विकासनिर्माण वा कानुनको कार्यान्वयनबाट मात्र निर्मित हुँदैन । राज्यले नागरिकलाई के र कसरी भन्छ, कुन सूचना सार्वजनिक गर्छ वा लुकाउँछ, आफ्ना निर्णयको औचित्य कसरी स्पष्ट गर्छ भन्ने कुराले संस्थागत विश्वासको आधार तयार गर्छ । राज्यसत्ता र आमनागरिक परस्पर अविच्छिन्न तथा महत्वपूर्ण राजनीतिक पात्र हुन् । यी दुईबिच हुने सन्देशको आदानप्रदान नै राजनीतिक सञ्चार हो, जसमा मिडियाले प्रभावशाली मध्यस्थकर्ता तथा राजनीतिक पात्रका रूपमा भूमिका निर्वाह गर्छ । नेपालको राजनीतिक सञ्चारले विशिष्ट ऐतिहासिक यात्रा तय गरेको छ । राज्य नियन्त्रित रेखीय सञ्चारबाट बहुलवादी मिडिया संरचनासम्म, औपचारिक समाचार माध्यमबाट अन्तर्क्रियात्मक डिजिटल सञ्चारसम्म र सूचना नियन्त्रणबाट सूचना-अति प्रवाहसम्मको विकासक्रमले राजनीतिक सञ्चारलाई झन् जटिल बनाएको छ । सञ्चार माध्यमको विस्तार र नागरिक विश्वासको अभिवृद्धि एउटै प्रक्रिया होइन, कतिपय अवस्थामा सञ्चार माध्यमको तीव्र विस्तारले राज्यको असङ्गति, दल तथा नेताहरूको दोहोरो चरित्र र संस्थागत कमजोरीलाई झनै उजागर गरेको छ ।

राज्य नियन्त्रित सञ्चार

पञ्चायतकालीन राजनीतिक सञ्चार मूलतः राज्यकेन्द्रित र एकतर्फी थियो । सरकारी सञ्चार माध्यम राज्यको दृष्टिकोण प्रसार गर्ने प्रमुख साधन थिए । नागरिकबिचको सूचना आदानप्रदान अत्यन्त कमजोर थियो । वैकल्पिक राजनीतिक आवाज प्रतिबन्धित थियो ।

विसं २०४६ को राजनीतिक परिवर्तनपछि बहुदलीय प्रजातन्त्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र निजी सञ्चार माध्यमको विस्तारले सार्वजनिक क्षेत्रको स्वरूप बदल्यो । निजी पत्रपत्रिका, एफएम रेडियो र टेलिभिजनको उदयले राज्यको सूचना एकाधिकार कमजोर बनायो र नागरिकको विविध राजनीतिक विचार, आलोचना तथा वैकल्पिक अभिमतमा पहुँच विस्तार गऱ्यो । यो खुलापनसँगै नयाँ संरचनात्मक समस्या पनि देखिए । राजनीतिक दलले मिडियालाई स्वतन्त्र सार्वजनिक विमर्शको माध्यमका साथै आफ्नो प्रभाव विस्तार गर्ने साधनका रूपमा उपयोग गर्न थाले । सञ्चार संस्था, पत्रकार सङ्गठन र राजनीतिक संरचनाबिचको औपचारिक तथा अनौपचारिक निकटताले मिडिया स्वतन्त्रताको विस्तारसँगै मिडिया-राजनीति अन्तर्निर्भरतालाई पनि तीव्र बनायो ।

नेपाली राजनीतिक सञ्चार

विसं २०३६ देखि हालसम्म नेपालको राजनीतिक सञ्चारलाई राज्य-नागरिक सम्बन्धको क्रमिक संरचनात्मक रूपान्तरणका रूपमा बुझ्न सकिन्छ । विसं २०३६ को विद्यार्थी आन्दोलन र जनमत सङ्गहले राज्य नियन्त्रित एकतर्फी सञ्चारमा दरार सिर्जना गऱ्यो भने विसं २०४६ को जनआन्दोलनले बहुदलीय प्रजातन्त्र, प्रेस स्वतन्त्रता र वैकल्पिक सार्वजनिक क्षेत्रको विस्तार गऱ्यो तर २०५२-२०६२ को सशस्त्र द्वन्द्वमा राज्य र विद्रोही (माओवादी) दुवैले राजनीतिक आख्यान, वैधता र जनसमर्थन विस्तार गर्न सञ्चारलाई रणनीतिक रूपमा प्रयोग गरे । विशेषतः २०६१/६२ को प्रत्यक्ष शाही शासनकालमा सञ्चार माध्यममाथिको निगरानी, नियन्त्रण र प्रसारण अवरोधले सूचनामाथि राज्यको नियन्त्रणप्रति नागरिकमा आशङ्का बढायो । यसै पृष्ठभूमिमा विसं २०६२/६३ पछि राज्यकेन्द्रित सञ्चार माध्यम पनि लोकतान्त्रिक भए ।

विसं २०६२/६३ को जनआन्दोलनपछि राजनीतिक सञ्चारको चुनौती फेरियो । सूचनाको अभावबाट सूचना-अति प्रवाहतर्फ राजनीतिक सञ्चार रूपान्तरित भयो । निजी सञ्चार माध्यम, अनलाइन पोर्टल, फेसबुक, युट्युब, टिकटक, एक्स र डिस्कर्ड जस्ता डिजिटल माध्यमले राजनीतिक सञ्चारलाई खुला बनाउनुका साथै नागरिकलाई सूचना उत्पादक, प्रसारक र राजनीतिक अभियन्ताका रूपमा स्थापित गरे । यसको पछिल्लो अभिव्यक्ति विसं २०८२ भदौको जेनजी आन्दोलनमा देखियो । सामाजिक सञ्जालमाथि सरकारले चालेको नियमन प्रयास आन्दोलनको तत्कालीन कारक बन्यो । मुख्यतः भ्रष्टाचार, अनियमितता, बेरोजगारी, नातावादप्रति पुस्तागत असन्तुष्टिसँग जोडिएको आन्दोलनलाई डिजिटल माध्यमले गति र बल प्रदान गरे । असन्तुष्टि अभिव्यक्त गर्ने माध्यमका रूपमा विकसित सामाजिक सञ्जालले मिथ्या तथा दूषित सूचनाको जोखिम पनि बढाए । यी घटनाक्रमले राज्यको सञ्चारमाथिको नियन्त्रण कमजोर हुँदै जानु मात्रले नागरिक विश्वास अभिवृद्धि नहुने स्पष्ट पार्छन् । राज्यप्रतिको विश्वास तब निर्माण हुन्छ जब उसका अभिव्यक्ति, नीति, निर्णय र व्यवहारबिच पारदर्शी, निरन्तर तथा विश्वसनीय सामञ्जस्य कायम हुन्छ ।

बहुलता मात्र पर्याप्त हुँदैन

गणतन्त्रपछि नेपालमा अनलाइन पोर्टल, टेलिभिजन, एफएम रेडियो, पत्रपत्रिका र डिजिटल प्लेटफर्मको विस्तारले नागरिकको सूचना पहुँच बढाएको छ । तथापि मिडियाको सङ्ख्यात्मक वृद्धिले मात्र स्वतन्त्र, बहुलवादी र उत्तरदायी पत्रकारिता सुनिश्चित गर्दैन । यस सन्दर्भमा एडवार्ड हेर्मन र नोम चोम्स्कीको 'म्यानुफ्याक्चरिङ कन्सेन्ट' मा प्रस्तुत प्रचार ढाँचा सान्दर्भिक छ, जस अनुसार सञ्चार सामग्रीमाथि औपचारिक नियन्त्रण नभए पनि मिडिया स्वामित्व, विज्ञापन निर्भरता, शक्तिशाली स्रोत र संस्थागत दबाबले समाचार उत्पादनलाई प्रभावित गर्न सक्छन् । नेपालमा पनि व्यावसायिक स्वार्थ, सञ्चार संस्थाको कमजोर आर्थिक अवस्था, सीमित विज्ञापन बजार र राजनीतिक पहुँचले सम्पादकीय स्वतन्त्रतामा सूक्ष्म नियन्त्रण गर्ने गरेको पाइन्छ । फरक सञ्चार माध्यममा एउटै राजनीतिक स्रोतका विरोधाभासी सन्देश प्रस्तुत हुनु, तथ्य र दावीबिच भिन्नता नछुट्याइनु तथा समाचार र राजनीतिक आख्यानबिचको सीमा अस्पष्ट हुनुले नागरिकको सञ्चार माध्यमप्रतिको विश्वास कमजोर बनाउन सक्छ ।

सार्वजनिक राजनीतिक सञ्चारको सङ्कट

राजनीतिक सञ्चारका विज्ञ जे. ब्लुम्लर र माइकल गुरेभिचका अनुसार राजनीतिक संस्था, सञ्चार माध्यम र नागरिकबिचको संवाद कमजोर हुँदा लोकतन्त्र प्रभावित हुन्छ । आमसञ्चारको उद्देश्य सूचना प्रवाह गर्नु मात्र नभई नागरिकलाई राजनीतिक प्रक्रियासम्बन्धी सामयिक, अर्थपूर्ण, परीक्षणयोग्य र सान्दर्भिक जानकारी उपलब्ध गराउनु पनि हो । नेपालको राजनीतिक सञ्चारमा यो सङ्कट मुख्यतः तीन तहमा देखिन्छ ।

पहिलो, राज्यको राजनीतिक सञ्चार प्रतिक्रियात्मक हुने गरेको कतिपयको बुझाइ छ । विवाद उत्पन्न भएपछि मात्र स्पष्टीकरण दिइन्छ । नीति निर्माण, विकल्पको मूल्याङ्कन र निर्णयको औचित्यबारे निर्णय भइसकेपछि मात्र नागरिकले जानकारी पाउने अवस्था हुन सक्छ भन्ने मत पनि छ ।

दोस्रो, राजनीतिक दलको सञ्चार तथ्यपरक सार्वजनिक विमर्शभन्दा प्रतिस्पर्धी आख्यान निर्माणमा केन्द्रित हुने गर्छ । सत्तामा उपलब्धिको र विपक्षमा असफलताको अतिरञ्जित प्रस्तुतीकरणले संस्थागत सञ्चार र नीतिगत निरन्तरतालाई कमजोर बनाउँछ ।

तेस्रो, डिजिटल माध्यममा राजनीतिक घटनासम्बन्धी सन्दर्भहीन दृश्यांश, प्रतिक्रियात्मक पोस्ट, मिम, प्रत्यक्ष प्रसारण र टिप्पणीको बाढीले सूचना बढाए पनि त्यसको राजनीतिक अर्थ अस्पष्ट बनाउँछ र मिथ्या तथा भ्रामक सूचनाको जोखिम बढाउँछ ।

ब्लुम्लर र डेनिस कावानाघको संयुक्त आलेख 'दी थर्ड एज अफ पोलिटिकल कम्युनिकेसन' मा वर्णित सञ्चारको बहुलता, आमसञ्चार माध्यमको विस्तार, राजनीतिको व्यवसायीकरण र विखण्डित दर्शक, श्रोता तथा पाठकको अवस्था नेपालको वर्तमान राजनीतिक सञ्चारसँग मेल खान्छ । सामाजिक सञ्जालले राजनीतिक नेतृत्व तथा अन्य पात्रलाई परम्परागत सञ्चार माध्यममा निर्भर नभई लक्षित समुदायसम्म प्रत्यक्ष पहुँच विस्तार गर्ने अवसर त दिएको छ तर यही सहजता, सुलभता र प्रत्यक्षताले मिथ्या सूचना तथा सार्वजनिक विमर्शको विखण्डनमार्फत लोकतान्त्रिक प्रक्रियालाई कमजोर बनाउने जोखिम पनि बोकेको छ ।

नियन्त्रणबाट अराजकतासम्म

ब्रेन म्याकनेयरको 'कन्ट्रोल केओस प्याराडाइम' अर्थात् नियन्त्रण-अराजकता प्रतिमान सिद्धान्तले डिजिटल सञ्चारको द्वैधता स्पष्ट पार्छ । आधुनिक सञ्चार प्रविधिले राज्य, राजनीतिक दल र परम्परागत मिडियाको सूचनामाथिको नियन्त्रण कमजोर बनाउँदै खुला प्रवाहलाई प्रोत्साहन त गरेको छ तर यससँगै अफवाह, अप्रमाणित दावी, मिथ्या सूचना र वैचारिक तथा भावनात्मक ध्रुवीकरण पनि बढ्न सक्छ । सञ्चारको विस्तारले नागरिकलाई राजनीतिक दाबीको तथ्य जाँच गर्न, दृश्य प्रमाण सार्वजनिक गर्न र बेवास्तामा परेका मुद्दालाई राष्ट्रिय बहसमा ल्याउन सक्षम बनाएको छ । तथापि यही प्रविधिले सन्दर्भहीन भिडियो, कृत्रिम रूपमा उक्साइएका प्रवृत्ति र सङ्गठित ट्रोलिङमार्फत भ्रामक तथा दुराशययुक्त सूचना फैलाउने अवसर पनि सिर्जना गरेको छ ।

ग्याडी वोल्फसफेल्डको राजनीति र मिडियासम्बन्धी विश्लेषणले सञ्चार माध्यमलाई राजनीतिक सङ्घर्षको निष्क्रिय दर्पण नभई स्वयम् सङ्घर्षको मैदानका रूपमा हेर्छ । राजनीतिक शक्ति नीतिमा मात्र नभई घटनाको अर्थ र व्याख्यामा पनि प्रतिस्पर्धा गर्छन् । त्यसैले मिडिया राजनीतिक सङ्घर्षका विषय उजागर गर्ने माध्यम मात्र नभई त्यसको सक्रिय पात्रसमेत हो । नेपालको सन्दर्भमा कुनै घटना के हो भन्ने प्रश्नसँगै त्यसलाई कसले र कसरी प्रस्तुत वा 'फ्रेम' गर्छ भन्ने प्रश्न पनि उत्तिकै प्रभावशाली बन्दै गएको छ ।

राजनीतिमा युवा सहभागिता

नेपालको नयाँ पुस्ता परम्परागत राजनीतिक संस्थाप्रति आलोचनात्मक भए पनि यसलाई राजनीतिक उदासीनता भन्न मिल्दैन । डिजिटल सक्रियता, नागरिक अभियान, भ्रष्टाचारविरोधी बहस, स्वतन्त्र उम्मेदवारीप्रतिको आकर्षण र आन्दोलनमा सहभागिताले युवाको राजनीतिक अभिरुचि नयाँ रूपमा अभिव्यक्त भएको देखाउँछ तर संस्थागत राजनीति र डिजिटल राजनीतिक संस्कृतिबिच पर्याप्त संवाद छैन । युवाले पारदर्शिता, जवाफदेहिता, शीघ्र प्रतिक्रिया र प्रमाणमा आधारित निर्णयको अपेक्षा गर्छन् भने परम्परागत राजनीतिक संस्था अझै विज्ञप्ति, भाषण र सङ्गठनात्मक मध्यस्थतामा निर्भर छन् । यसले राजनीतिक अविश्वासलाई सञ्चारगत पुस्तान्तरणको समस्यासमेत बनाएको छ ।

संस्थागत विश्वास

राजनीतिक सञ्चारमा संस्थागत विश्वास नेताको व्यक्तिगत लोकप्रियता मात्र नभई राज्य र सार्वजनिक निकायले नियम अनुसार काम गर्ने, निर्णयको औचित्य स्पष्ट पार्ने, गल्ती स्विकार्ने, सूचना नलुकाउने र समान परिस्थितिमा समान मापदण्ड अपनाउने अपेक्षामा आधारित हुन्छ । पारदर्शिता, जवाफदेहिता, विश्वसनीयता र लोकतान्त्रिक वैधता परस्पर अन्तरसम्बन्धित छन् । पारदर्शिताबिना जवाफदेहिता कठिन हुन्छ र जवाफदेहिताबिना विश्वसनीयता कमजोर हुन्छ । त्यसैले निर्वाचन लोकतान्त्रिक वैधताको आधार भए पनि पर्याप्त सर्त भने होइन । निर्वाचनबिचको अवधिमा शासनको सञ्चार, नीतिगत कार्यान्वयन, सार्वजनिक जवाफदेहिता र कानुनी समानतालेत्यसलाई कायम राख्छन् ।

सुधार कहाँबाट

राज्यका लागि पहिलो सुधार पारदर्शिता हो । नीतिको उद्देश्य, विकल्प, लागत, अपेक्षित परिणाम, प्रगति र असफलताको कारण नियमित रूपमा सार्वजनिक गर्नु पर्छ । मन्त्रीपरिषद्, मन्त्रालय र सार्वजनिक निकायको सञ्चार प्रतिक्रियात्मक नभई प्रक्रियामुखी हुनु पर्छ । सङ्कटका बेला एकीकृत, प्रमाणित र समयबद्ध सूचना प्रणाली आवश्यक हुन्छ । राजनीतिक दलले घोषणापत्रलाई औपचारिक चुनावी दस्तावेजमा सीमित नराखी सार्वजनिक उत्तरदायित्वको आधार बनाउनु पर्छ । प्रमुख प्रतिबद्धताको प्रगति सार्वजनिक गर्नुका साथै गठबन्धन वा नीतिगत परिवर्तनको स्पष्ट कारण नागरिकसमक्ष प्रस्तुत गर्नु पर्छ । मिडियाले स्वामित्व, विज्ञापन र सम्भावित स्वार्थको द्वन्द्वबारे पारदर्शिता बढाउँदै समाचार, विचार र प्रायोजित सामग्रीबिच स्पष्ट भिन्नता कायम गर्नु पर्छ । आधिकारिक स्रोत उद्धृत गर्नु मात्र पर्याप्त हुँदैन, तिनका दावीको स्वतन्त्र परीक्षण पनि आवश्यक हुन्छ ।

डिजिटल प्लेटफर्मले राजनीतिक विज्ञापन, सामग्री सिफारिस, स्वचालित खाता र सामग्री हटाउने प्रक्रियामा पारदर्शिता अपनाउनु पर्छ । अभिव्यक्ति स्वतन्त्रता र सार्वजनिक सुरक्षाबिचको सन्तुलन कायम गर्न स्पष्ट कानुनी प्रक्रिया र न्यायिक परीक्षण जरुरी छ । नागरिकको पनि उत्तिकै जिम्मेवारी रहन्छ । राजनीतिक सामग्री साझा गर्नुअघि त्यसको स्रोत, मिति, सन्दर्भ र मूल वक्तव्य जाँच्ने संस्कार लोकतान्त्रिक सञ्चारको अभिन्न अङ्ग बन्नु पर्छ ।

निष्कर्ष

नेपालको राजनीतिक सञ्चार पञ्चायतकालीन केन्द्रीकृत नियन्त्रणबाट आजको विखण्डित डिजिटल सार्वजनिक क्षेत्रसम्म आइपुगेको छ । यो सञ्चार स्वतन्त्रताको महत्वपूर्ण उपलब्धि भए पनि पुराना लोकतान्त्रिक चुनौती नयाँ स्वरूपमा विद्यमान छन् ।

आजको डिजिटल युगमा सार्वजनिक सूचना र बहसको कार्यसूची राज्य, राजनीतिक दल र मिडियाले मात्र निर्धारण गर्न सक्दैन्, नागरिक पनि सूचना प्रवाह र जनमत निर्माणमा सक्रिय सहभागी हुन्छन् । सञ्चारको यो विस्तारित स्वतन्त्रतासँगै कसका भनाइलाई विश्वास गर्ने भन्ने प्रश्न झन् महत्वपूर्ण बनेको छ । यसको समाधान प्रभावकारी अभिव्यक्तिमा मात्र होइन, तथ्यमा आधारित, पारदर्शी, इमानदार र नागरिकका सरोकारप्रति उत्तरदायी राजनीतिक सञ्चारमा निहित छ । सञ्चारको पहुँच र मात्रा बढ्दैमा विश्वास निर्माण हुँदैन । भनाइ, नीति, निर्णय र व्यवहारबिच पारदर्शिता तथा निरन्तरता हुनु पर्छ र गल्तीप्रति उत्तरदायित्व कायम हुनु पर्छ । अन्ततः लोकतन्त्रको दीर्घकालीन शक्ति नागरिकलाई प्रभावित पार्ने क्षमतामा होइन, संस्थाका कथनप्रति उनीहरूले गर्ने विश्वास र तिनको प्रमाण योग्यता तथा जवाफदेहितामा निर्भर हुन्छ ।

साभार: गोरखापत्र

आँखामा पट्टी बाँधेर न्यायाधीश र नेताविरुद्ध बयान दिन लगाइएको इनम सापकोटाको आरोप



काठमाण्डौ १२ मंसिर/प्रहरी हिरासतमा रहेका इनम सापकोटाले आफूलाई पक्राउ गरेपछि आँखामा कालो पट्टी बाँधेर अज्ञात स्थलमा लगेको र विभिन्न राजनीतिक दलका नेता, व्यवसायी तथा न्यायाधीशविरूद्ध बयान दिन दबाब दिएको आरोप लगाएका छन् ।

प्रहरीले आफैले लेखेर तयार पारेको सामग्री पढ्न लगाएको र त्यसैको अडिओ रेकर्ड गरी काटछाँट गरेर सार्वजनिक गरेको उनको दाबी छ । आफू र आफ्नो परिवारको जीउज्यानमाथि खतरा रहेको भन्दै सापकोटाले राष्ट्रिय मानवअधिकार आयोगमा निवेदन दिएका छन् ।

सापकोटाका तर्फबाट पत्नी कविता पाण्डेले हिजो आयोगमा दिएको निवेदनमा प्रहरीले आफूलाई फसाउन मोबाइल फोनमा छेडखानी गरी झूटा प्रमाण सिर्जना गरेको उल्लेख छ । आफूलाई किन पक्राउ गरिएको हो भनेर बारम्बार सोध्दा पनि प्रहरीले कारण नबताएको र घरपरिवारलाई जानकारी गराइदिन गरेको अनुरोधसमेत नसुनेको उनले बताएका छन् ।

प्रहरीले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा, उनका भाइ तथा छोरा, नेपाली कांग्रेसका सभापति गगन थापा, कांग्रेस नेता तथा व्यवसायी उमेश श्रेष्ठ, भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरूङ, हिमालय होटलका नवीन तुलाधर तथा सर्वोच्च अदालतमा कार्यरत केही न्यायाधीशविरूद्ध प्रमाण र बयान दिन दबाब दिएको उनको आरोप छ ।

ती व्यक्तिविरूद्ध प्रमाण र बयान दिए आफूलाई छाडिदिने, नत्र आफू मात्र नभई परिवारलाई समेत नराम्रो हुने धम्की दिएको उनको भनाइ छ । आफूले नमानेपछि लामो समय जेल बस्नुपर्ने गरी झूटा मुद्दा लगाउने, आफ्नो र परिवारको जीउज्यान खतरामा पार्ने तथा सम्पूर्ण परिवारलाई समस्यामा पार्ने धम्की दिएको उनको आरोप छ ।

सोधपुछ क्रममा प्रहरीले तयार पारेको सामग्री आफूलाई पढ्न लगाएको सापकोटाले आरोप लगाएका छन् । नेपाली कांग्रेसको आधिकारिकता विवाद र सर्वोच्च अदालतका न्यायाधीशहरूसँगको सेटिङसम्बन्धी विषयमा सार्वजनिक भएका अडिओ आफूलाई प्रहरीले पढ्न लगाएकै सामग्री भएको सापकोटाको दाबी छ ।

ती अडिओ सार्वजनिक भएको कुरा शुरूमा आफन्तबाट र पछि थप बयान लिने क्रममा प्रहरीले सुनाउँदा थाहा पाएको उनले उल्लेख गरेका छन् । आफूले भन्दै नभनेका र जान्दै नजानेका विषयमा पक्राउ परेका दिन प्रहरीले पढ्न लगाएका कुरा काटछाँट गरी सार्वजनिक गरिएको उनको आरोप छ

सापकोटाले आफूबाट खोसिएको मोबाइल फोन प्रहरीले दुई दिनसम्म अन्य अनधिकृत व्यक्तिलाई दिएको आरोप पनि लगाएका छन् । आफू प्रहरीकै नियन्त्रणमा रहेका बेला ती व्यक्तिले मोबाइलमा छेडखानी गरी हुँदै नभएका विभिन्न प्रमाण सिर्जना गरेको उनको दाबी छ ।

आफूलाई फसाउन विभिन्न प्रपञ्च तथा षड्यन्त्र भइरहेको भन्दै उनले यस विषयमा अनुसन्धान गर्न मानवअधिकार आयोगसँग माग गरेका छन् । सापकोटाले प्रहरीले आफूलाई पक्राउ गरेको ठाउँ, समय र कारणबारे समेत गलत विवरण प्रस्तुत गरेको आरोप लगाएका छन् ।

सापकोटाले अनुसन्धान क्रममा चुहाइएका सामग्रीका आधारमा आफ्नो मिडिया ट्रायल गरिएको भन्दै आफूमाथि लागेका आरोप प्रमाणित नहुँदै देशकै सबैभन्दा ठूलो बिचौलिया र फिक्सरजस्ता उपनाम दिएर दोषीसरह प्रस्तुत गरिएको गुनासो गरेका छन् ।

सिरहाको सीमा क्षेत्रबाट १४ लाख बराबरका अवैध सामान बरामद

सिरहा, १२ मंसिर/सशस्त्र प्रहरी बलले सिरहा जिल्लाका विभिन्न सीमावर्ती इलाकाबाट एकै दिनमा १४ लाख ४५ हजार ६२० रुपैयाँ बराबरका अवैध सामग्री बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाबाट खटिएको टोलीले सञ्चालन गरेको विशेष जाँच तथा सीमा निगरानीका क्रममा ती सामान नियन्त्रणमा लिएको हो ।

भारतबाट अवैध रूपमा भन्सार छली गरी नेपाल भित्र्याउँदै गरिएका सामग्रीमा मोटरसाइकल, लत्ताकपडा, किराना सामान, बिँडी, पेय पदार्थ, कुर्सी, मदिरा तथा हाउस वायरिङका सामग्री रहेका छन् ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका गणपति प्रहरी उपरीक्षक (एसपी) सुमन जंग थापाका अनुसार बरामद गरिएका सम्पूर्ण सामान र मोटरसाइकल आवश्यक कानुनी प्रक्रिया पूरा गरी थप कारबाहीका लागि सिरहा भन्सार कार्यालयमा बुझाइएको छ । सीमा नाकाबाट हुने अवैध ओसारपसार तथा चोरी पैठारी नियन्त्रण गर्न सशस्त्र प्रहरीले नियमित गस्ती र निगरानीलाई कडाइका साथ निरन्तरता दिँदै आएको जनाएको छ ।

भक्तपुरको बोडेस्थित होल्डिङ सेन्टरमा सुकुम्वासीको खानासहितको सुविधा रोकियो



काठमाण्डौ १२ मंसिर/भक्तपुरको बोडेमा रहेको होल्डिङ सेन्टरमा आश्रय लिइरहेका सुकुम्वासी परिवारहरू सडकमै खान खान बाध्य भएका छन् । स्थानीय प्रशासनले होल्डिङ सेन्टरमा खाना तथा पानीको आपूर्ति पूर्ण रूपमा रोकेपछि त्यहाँ बस्दै आएका विस्थापितहरू सडकमै बसेर खाना खान बाध्य भएका हुन् ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरले होल्डिङ सेन्टर खाली गराउने हिजोसम्मको अल्टिमेटम दिएका थियो । तर सेन्टर खाली नभएपछि प्रशासनले सेवा सुविधा कटौती गर्ने रणनीति अपनाएको हो । खाना र पानी नपाएर विस्थापितहरू भोकै परेपछि नवयुवा अभियन्ताहरू रक्षा बम र माजिद अन्सारीसहितको समूह आज खान लिएर गएको थियो । तर प्रशासनले भित्र खाना लैजान नदिएपछि उनीहरूले विस्थापितलाई बाहिर सडकमै खान खुवाएका हुन् ।

होल्डिङ सेन्टर बाहिर सडकमै दाताले दिएको खाना वा चाउचाउ(चिउरा खाएर आफ्नो भोक मेटाउन बाध्य विस्थापितहरूले रित्तो थाल ठटाउँदै सरकारको निर्णयविरुद्ध प्रदर्शनसमेत गरेका छन् । बास र लालपुर्जाको टुङ्गो नलागेसम्म सेन्टर नछोड्ने विस्थापितहरूको अडान छ ।

काठमाण्डौ उपत्यकाका नदी किनारबाट हटाइएका १९ परिवारका ५९ जना पछिल्लो आठ महिनादेखि बोडेको सेन्टरमा बस्दै आएका छन् ।

झारफुकको क्रममा किशोरीमाथि अभद्र व्यवहार गरेको आरोपमा झाँक्री पक्राउ

काठमाडौं १२ मंसिर/झारफुक गरेर निको पार्ने भन्दै महिलामाथि अभद्र व्यवहार गरेको आरोपमा झाँक्री पक्राउ परेका छन् ।

सामाजिक सञ्जालमा भाइरल भएको भिडिओमा देखिएका आधारमा ती झाँक्रीलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जुम्लाको गुठीचौर गाउँपालिका(१ का ४६ वर्षीय कालीबहादुर रोकाया रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय जुम्लाका अनुसार शनिबार गते दिउँसो करिब १२ बजे प्रहरी चौकी मणिसाँघुबाट खटिएको टोलीले रोकायालाई आफ्नै घरबाट पक्राउ गरेको हो ।

उनले सोही स्थानकी १४ वर्षीया किशोरीलाई झारफुक गरेर निको पार्ने भन्दै अभद्र व्यवहार गरेको आरोप छ । उक्त व्यवहारको भिडिओ अहिले सामाजिक सञ्जालमा भाइरल बनेको छ । पक्राउपछि उनलाई जिल्ला प्रहरी कार्यालय जुम्ला ल्याइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

मकवानपुरमा श्रीमतीको ...



गरी हत्या गरेको आरोपमा पक्राउ परेका छन् ।

गत मंसिर ११ गते राति अन्दाजी ९ बजे श्रीमान(श्रीमतीबीच झैझगडा भएको स्थानीयमार्फत जानकारी प्राप्त भएको थियो । मादक पदार्थ सेवन गरेका रमेशले श्रीमती रुकुलाई कुटपिट गर्दा उनी अचेत भएकी थिइन् ।

मंसिर १२ गते बिहान अन्दाजी साढे १० बजे घटनाबारे जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी फाखेल, मकवानपुरबाट प्रहरी टोली घटनास्थलमा खटिएको थियो । घटनास्थलमा पुगेर बुझ्दा रुकु घरभित्र सुत्ने कोठामा मृत अवस्थामा फेला परेकी थिइन् ।

प्रहरी टोलीले घटनास्थलमा पुगेर आवश्यक अनुसन्धान गर्ने कार्य गरेको थियो । घटनामा संलग्न श्रीमान् रमेशलाई पक्राउ गरिएको छ र घटनाबारे थप अनुसन्धान भइरहेको छ

मुक्तिनाथ मन्दिरमा साढे ४५ लाखभन्दा बढी भेटी सङ्कलन

काठमाण्डौ,१२ मंसिर/मुस्ताङको प्रसिद्ध धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरमा चार महिनाको अवधिमा ४५ लाख ४६ हजार रुपैयाँभन्दा बढी भेटी सङ्कलन भएको छ ।

मुक्तिनाथ विकास समिति कोषका अनुसार चालु आर्थिक वर्षको साउनदेखि कात्तिकसम्मको चार महिनामा रसिद र दान पेटिकामार्फत उक्त रकम सङ्कलन भएको हो । जसमा नेपाली २६ लाख ५९ हजार र भारतीय ११ लाख ७९ हजार रुपैयाँभन्दा बढी रहेको छ ।

मन्दिरमा नेपाल र भारतबाहेक अरू १० देशका विदेशी मुद्राहरू पनि सङ्कलन भएका छन्। व्यवस्थापक दिनेश भुसालका अनुसार अमेरिकी डलर, अस्ट्रेलियन डलर, युरो, पाउण्ड, थाई भाट, मलेसियन रिङ्गेटलगायत विभिन्न विदेशी मुद्रा भेटीस्वरूप प्राप्त भएको छ ।

भक्तजनबाट सङ्कलित रकम विभिन्न बैंकमा रहेको कोषको खातामा जम्मा गर्ने गरिएको छ ।

कोसेलीमहिला...

कार्यक्रममा वडा नं. १२ का वडा अध्यक्ष श्याम बाबु खाँ थारुले मधेश प्रदेशमा महिला सहकारीको सङ्गठन अपेक्षाकृत कमजोर देखिए पनि कोसेली महिला साकोसको सङ्गठन बलियो रहेको बताउनुभयो । उहाँले दैनिक बचतको बानीले भविष्यमा ठुलो उपलब्धि हासिल गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा स्नो अपेक्सका सञ्चालक मिना कुमारी चौधरी, संस्थाका लेखापाल राजु प्रसाद चौधरी, व्यवस्थापक बिनिता कुमारी चौधरी, सञ्चालक समितिका सदस्य, प्रहरी चौकी फत्तेपुरका सुमेश महतो कोइरी, समाजसेवी सुमित्रा देवी चौधरी तथा शेयर सदस्यहरूको सहभागिता रहेको थियो ।

धरान, वीरगञ्ज र सुर्खेतले पनि नेपाल फुटबल लिग खेल्ने

काठमाण्डौ १२ मंसिर/नेपाल फुटबल लिग (एनएफएल) को पहिलो संस्करण खेल्ने १० टोलीको टुंगो लागेको छ ।

प्रतियोगिताका लागि नयाँ ३ टोली धरान, वीरगञ्ज र सुर्खेत छनोट भएसँगै सहभागी हुने सबै टोली तय भएका हुन्

एनएफएलका अध्यक्ष कल्याण गुरुङका अनुसार २० टोलीले बोलपत्र पेस गरेकामा धरान, वीरगञ्ज र सुर्खेतको टोली छनोट भएका हुन् । गुरुङले नेपाली फुटबलमा अझै धेरै सम्भावना रहेको बताउनुभएको छ ।

यसपटक छनोट हुन नसकेका बाँकी १७ टोलीलाई पनि आउँदा दिनमा कुनै न कुनै स्वरूपमा समेट्ने प्रयास गरिने उहाँले बताउनुभएको छ । एनएफएलको पहिलो संस्करण आउँदो फागुन १ देखि शुरु हुनेछ ।

'होम एन्ड अवे' प्रणालीमा सञ्चालन हुने प्रतियोगिताका ७ टोली यसअघि नै निश्चित भइसकेका थिए ।

यसअघि छनोट भएका टोलीमा काठमाण्डौ रेजर्स, ललितपुर सिटी, एफसी चितवन, पोखरा थन्डर्स, बुटवल लुम्बिनी, धनगढी एफसी र झापा एफसी छन् ।

कांग्रेस देउवा समूहको महाधिवेशनको तयारी तीव्र, मिडिया सेन्टर संचालन

काठमाडौं,१२ मंसिर/नेपाली कांग्रेसको देउवा समूहले १५औं महाधिवेशनका लागि प्रचारप्रसार तथा सञ्चार व्यवस्थापन गर्न स्थापना गरिएको मिडिया सेन्टर शुभारम्भ गरेको छ। महाधिवेशनका लागि गठित देउवा समूहको प्रचार(प्रसार समितिका संयोजक डा. प्रकाशशरण महतले शनिबार मिडिया सेन्टरको उद्घाटन गर्नुभएको हो ।

मिडिया सेन्टर शुभारम्भ गर्दै नेता महतले नेपाली कांग्रेसको नाम, झण्डा र रूख चुनाव चिह्न प्रयोग गर्न कसैले रोक्न नसक्ने दावी गर्नुभयो । १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमिति नै आधिकारिक नेपाली कांग्रेस भएको जिकिर गर्दै उहाँले पार्टीको पहिचान र विरासतलाई कसैले खोस्न नसक्ने बताउनुभयो । पार्टीभित्र देखिएको विवादका सन्दर्भमा बोल्दै महतले आफूहरू एकीकृत कांग्रेस निर्माणको पक्षमा रहेको उल्लेख गर्नुभयो । सामाजिक सञ्जालको प्रभाव र विभिन्न भ्रमका कारण पार्टीबाट अलग भएका नेता तथा कार्यकर्तालाई पुनः मूलधारमा फर्किन उहाँले आग्रह गर्नुभयो ।

कर्णालीले भोट नदिए पनि विकासमा विभेद हुँदैन : लामिछाने

काठमाण्डौ १२ मंसिर/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले कर्णाली प्रदेशले आफ्नो पार्टीलाई कम मत दिए पनि विकास निर्माण र प्राथमिकतामा कुनै विभेद नहुने बताउनुभएको छ ।

सुर्खेतको वीरेन्द्रनगरमा आयोजित पार्टीको कर्णाली प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै सभापति लामिछानेले चुनावको जित(हारलाई विकाससँग जोडेर नहेर्ने बताउनुभयो । गएको फागुनको चुनावमा कर्णालीमा पार्टीको उपस्थिति अपेक्षाअनुसार हुन नसकेको स्वीकार गर्दै उहाँले संसदमा प्रतिनिधित्व नभए पनि कर्णाली सधैं सरकारको प्राथमिकतामा रहने प्रतिबद्धता गर्नुभयो ।

कार्यक्रममा सभापति लामिछानेले राजनीतिलाई चुनाव जित्ने माध्यम मात्र नभई निरन्तरको प्रक्रियाका रूपमा बुझ्न कार्यकर्तालाई आग्रह गर्नुभयो । पार्टीको राजनीतिक जीवनलाई व्यवस्थित बनाउन अनुशासन अनिवार्य रहेको भन्दै उहाँले प्रशिक्षण अवधिभर मोबाइल बन्द राख्नसमेत निर्देशन दिनुभयो ।

नेताहरूसँग खिचेका तस्बिर देखाएर पालकाको टिकट दाबी नगर्न सचेत गराउँदै उहाँले त्यस्ता तस्बिरलाई भेटको स्मृतिका रूपमा मात्र लिन आग्रह गर्नुभयो ।

धनुषाको छठघाट घटना : पाँच राउन्ड गोली प्रहार गरी आरोपी समातिए

जनकपुरधाम, १२ मंसिर/धनुषामा छठघाटमा वृद्धको हत्या घटनाका फरार आरोपीलाई प्रहरीले गोली प्रहार गरी पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा शहीदनगर नगरपालिका(२ निवासी जयकुमार यादव रहेको प्रहरीले जनाएको छ । उनी 'बालक दास'नामले समेत चिनिन्छन् ।

कार्त्तिक ३० गते बिहान शहीदनगर नगरपालिका(२ स्थित मतौनामा रहेको धनी पोखरीको छठघाटमा पूजासामग्री कुरेर बसेका ६० वर्षीय रामजतन मृत फेला परेका थिए ।

घटनास्थलमा रगतजस्तो पदार्थका दाग र कपालजस्तो वस्तु लागेको धारिलो हतियारसमेत बरामद भएको थियो । घटनाको अनुसन्धानबाट जयकुमार यादवले पुरानो रिसइबीका



कारण कुटपिट गरी हत्या गरेको खुलेको धनुषाका प्रहरी प्रवक्ता डीएसपी ओमप्रकाश खनालले जानकारी दिनुभयो ।

घटनापछि उनी भारततर्फ फरार भएका थिए । उनलाई पक्राउ गर्न प्रहरीले खोजतलास तीव्र पारेको थियो । यसै क्रममा आज भारतीय सीमा क्षेत्र जटहीमा लुकिछिपी बसेको विशेष सूचना प्राप्त भएपछि प्रहरी टोली परिचालन गरिएको थियो ।

नगराइन नगरपालिका(२ जटहीबाट राघोपुर जाने बाटो हुँदै भारतीय सीमाक्षेत्रमा पुगेर उनलाई पक्राउ गर्न खोज्दा यादवले भारततर्फ भाग्ने प्रयास गरेका थिए ।

प्रहरीले आत्मसमर्पण गर्न चेतावनी दिँदा पनि नमानेपछि पेस्तोलबाट एक राउन्ड हवाई फायर गरेको थियो ।

त्यसपछि पनि उनी भाग्न खोजेपछि प्रहरीले थप चार राउन्ड गोली प्रहार गरेको र नियन्त्रणमा लिइएको डीएसपी खनालले बताउनुभयो ।

गोली लागेर यादवको बायाँ तिघ्रामा एक र दाहिने घुँडामुनि दुई गरी तीनवटा गोली लागेको छ । उनको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहेको र अवस्था मध्यम रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

वीरगञ्ज कपडा बैंकद्वारा बहुदरमाई मेलामा नि:शुल्क कपडा वितरण



वीरगञ्ज, १२ मंसिर/पर्साको बहुदरमाई नगरपालिका(२ ध्यानचन्द पिपरास्थित बहुदरमाई मेलामा वीरगञ्ज कपडा बैंकले करिब एक हजार पाँच सय थान कपडा नि:शुल्क वितरण गरेको छ ।

कार्तिक पूर्णिमा स्नानको अवसरमा लागेको पाँचदिने मेलाको तेस्रो दिन मेलामा सहभागी हुन आएका श्रद्धालु तथा विपन्न वर्गलाई लक्षित गरी नयाँ तथा पुराना कपडा वितरण गरिएको हो ।

मेलामा आउने सर्वसाधारणलाई सेवा पुऱ्याउने सामाजिक उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको बैंकका सदस्य एवं युवा समाजसेवी नवराज भट्टराईले जानकारी दिनुभयो । बैंकका अध्यक्ष लालबाबु सिंहको अध्यक्षता र युवा समाजसेवी केदार गुप्ताको संयोजनमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा बोल्दै अध्यक्ष सिंहले विगत सात वर्षदेखि संस्थाले विपन्न र असहाय परिवारलाई कपडा उपलब्ध गराउँदै आएको बताउनुभयो । गत वर्षझैं यस वर्ष पनि मेलामा सेवा गर्न पाउँदा खुसी लागेको बताउँदै उहाँले अभियानमा साथ दिने दाता, समाजसेवी र सञ्चारकर्मीप्रति आभार व्यक्त गर्नुभयो ।

जनकपुरधाम- अयोध्या रेल सेवा व्यावसायिक रूपमा सञ्चालन, पहिलो दिन ४०० यात्रुले काटे टिकट

जनकपुरधाम, १२ मंसिर/धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई थप प्रगाढ बनाउँदै जनकपुरधाम र अयोध्याबीच तीर्थयात्रा सहज बनाउने उद्देश्यसहित सुरु गरिएको सरयु(कमला एक्सप्रेस रेल सेवा आजदेखि व्यावसायिक रूपमा सञ्चालनमा आएको छ ।

उद्घाटन भएको एक सातापछि रेल सेवा व्यावसायिक रूपमा सञ्चालनमा आएको नेपाल रेल्वे कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले जानकारी दिनुभयो । उहाँका अनुसार अयोध्याबाट आज बिहान जनकपुरधाम आइपुगेको रेलमा जनकपुरधामबाट अयोध्यासम्म यात्रा गर्न ४०० जनाले टिकट लिएका छन् । टिकट काटेका यात्रुलाई बोकेर रेल जनकपुरधामबाट अयोध्याका लागि प्रस्थान गरेको उहाँले बताउनुभयो ।

रेल सेवा व्यावसायिक रूपमा सञ्चालनमा आएसँगै अब यात्रुले टिकट प्राप्त गर्न सहज हुने विश्वास गरिएको छ। अनलाइनमार्फत टिकट लिन चाहने यात्रुले भारतको टिकट प्रणालीबाट बुकिङ गर्न सक्नेछन् भने नेपालबाटै टिकट लिन चाहने यात्रुका लागि जनकपुरधाम रेल्वे स्टेसनमा टिकट खरिद गर्न सकिने व्यवस्था मिलाइएको प्रबन्ध सञ्चालक पराजुलीले जानकारी दिनुभयो ।

उहाँका अनुसार जनकपुरधामबाट अयोध्यासम्मको यात्राका लागि स्लीपर श्रेणीको रु ५८४, वातानुकूलित तेस्रो श्रेणी इकोनोमीको रु एक हजार ४१६, वातानुकूलित तेस्रो श्रेणीको रु एक हजार ५४४ र वातानुकूलित दोस्रो श्रेणीको रु दुई हजार १७६ भाडा निर्धारण गरिएको छ ।

नेपाल रेल्वे कम्पनी लिमिटेडका अनुसार रेल प्रत्येक सोमबार बिहान ५:३० बजे अयोध्याबाट जनकपुरधामका लागि प्रस्थान गर्नेछ भने शनिबार दिउँसो १:१० बजे जनकपुरधामबाट अयोध्याका लागि छुट्नेछ । निर्धारित तालिका अनुसार नियमित सञ्चालन हुने सेवाले दुवै देशका यात्रुलाई आवतजावतमा सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ ।

प्रबन्ध सञ्चालक पराजुलीका अनुसार रेलमा यात्रा गर्न नेपाली नागरिकले नेपाल सरकारबाट जारी



गरिएका परिचयपत्रमध्ये कुनै एक अनिवार्य रूपमा प्रस्तुत गर्नुपर्नेछ । यात्रुले नेपाली नागरिकता, राहदानी वा मतदाता परिचयपत्रका आधारमा टिकट यात्रा गर्न सक्नेछन् ।

विशेषगरी त्रेतायुगीन रामायण संस्कृतिसँग जोडिएका माता सीताको जन्मभूमि जनकपुरधाम र भगवान् श्रीरामको जन्मभूमि अयोध्याबीच धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन गरिएको यो रेल सेवाले दुवै देशका तीर्थयात्रीलाई सहज आवागमनको अवसर प्रदान गर्ने विश्वास गरिएको छ । करिब ६०४ किलोमिटर दूरी तय गर्ने रेलले भारतको विहार तथा उत्तर प्रदेशका विभिन्न प्रमुख सहर हुँदै जनकपुरधामलाई अयोध्यासँग जोड्नेछ ।

विवाहपञ्चमीकोनिम्तोदिनेटोलीअयोध्यायप्रस्थान

जनकपुरधाम, १२ मंसिर/जनकपुरधाममा आयोजना हुने सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवको निमन्त्रणा दिन जनकपुरधामबाट एक टोली भारतको अयोध्या प्रस्थान गरेको छ ।

जानकी मन्दिर, जनकपुरधाम उपमहानगरपालिका, विश्व हिन्दु परिषद् तथा जनकपुरधामको नागरिक समाजका प्रतिनिधिहरू सम्मिलित टोली राम जन्मभूमि अयोध्याका लागि प्रस्थान गरेको हो ।

त्रेता युगमा राजा जनकले सीता(राम विवाहका लागि अयोध्याका राजा दशरथलाई निमन्त्रणा पठाएको स्मरणमा हरेक वर्ष विवाहपञ्चमी महोत्सवको निमन्त्रणा दिन नेपाली टोली अयोध्या जाने गरेको छ ।

विवाहपञ्चमीको निमन्त्रणा दिन अयोध्या जाने टोली आजदेखि औपचारिक रूपमा यात्रु सेवा सुरु गरेको सरयू(कमला एक्सप्रेस रेलमार्फत गएको हो । टोलीले अयोध्याका लागि निमन्त्रणासँगै लत्ताकपडा, गरगहना, भाँडाकुँडालगायतका सामग्री समावेश गरिएको भारसमेत लगेको छ ।

जनकपुरधाममा हरेक वर्ष साताव्यापी रूपमा मनाइने विवाहपञ्चमी महोत्सवमा सीता(राम विवाहको धार्मिक परम्परालाई विशेष उत्सवका रूपमा मनाउने गरिन्छ ।

कोसेली महिला साकोसको १५ औं साधारण सभा, नयाँ नेतृत्वमा माया कुमारी



सिमरा १२ मंसिर/ बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१२, फत्तेपुरस्थित कोसेली महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । सभाबाट संस्थाको नयाँ अध्यक्षमा माया कुमारी चौधरी चयन हुनुभएको छ। निवर्तमान अध्यक्ष मञ्जु देवी थरुनीको बिदाइसँगै नयाँ नेतृत्व चयन गरिएको हो ।

श्री नेरामावि फत्तेपुरको प्राङ्गणमा आयोजित साधारण सभाको उद्घाटन साना किसान कृषि सहकारी संस्था लिमिटेड, फत्तेपुरकी सञ्चालक समिति सदस्य देव माया अर्यालले गर्नुभएको थियो ।

संस्थाद्वारा प्रस्तुत प्रतिवेदनअनुसार हाल कुल पुँजी तथा दायित्व रु. तीन करोड एक लाख ५८ हजार ४५६ रहेको छ भने कुल ऋण लगानी रु. दुई करोड ५५ लाख नौ हजार ९४५ पुगेको छ । गत आर्थिक वर्षमा संस्थाले रु. छ लाख ५९ हजार ११७ खुद नाफा आर्जन गरेको छ । संस्थामा हाल ४८२ शेयर सदस्य आबद्ध छन् ।

साधारण सभाका अवसरमा सर्वाधिक शेयर लगानी गर्ने सदस्य लक्ष्मी देवी कानुलाई सम्मान गरिएको थियो । त्यसैगरी नियमित मासिक बचततर्फ समूह नं. ४८ र समूह नं. ८३ तथा कुशल ऋणीका रूपमा दिव्या कुमारी चौधरीलाई सम्मान प्रदान गरिएको संस्थाले जनाएको छ ।

निवर्तमान अध्यक्ष मञ्जु देवी थरुनीको सभापतित्वमा सम्पन्न कार्यक्रममा श्री नेरामावि फत्तेपुरका प्रधानाध्यापक अक्षय कुमार चौधरीले महिलामा बचत गर्ने बानीको विकास हुँदै गएको उल्लेख गर्दै सदस्य सङ्ख्या अझै विस्तार गर्न सुझाव दिनुभयो ।

बाँकी तेश्रो पेजमा

मकवानपुरमा श्रीमतीको कुटपिट गरी हत्या गरेको आरोपमा श्रीमान पक्राउ

हेटौडा, १२ मंसिर/मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा आफ्नी श्रीमतीलाई कुटपिट गरी हत्या गरेको आरोपमा एक जना पक्राउ परेका छन् इन्द्रसरोवर(४ गोठभित्ता बस्ने अन्दाजी ४० वर्षीय रमेश पाखिन ३५ वर्षीया श्रीमती रुकु पाखिनको कुटपिट

बाँकी तेश्रो पेजमा

आन्तरिक पर्यटन प्रवर्द्धन गरौ

- हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं साँस्कृतिक स्थलहरुको भ्रमण गरौं,
- होमस्टे, रैथाने खाना र स्थानीय संस्कृतिको प्रवर्द्धन गरौं,
- पर्यटकको सेवा, सुरक्षा र सदभावमा ध्यान दिऔं,
- आन्तरिक पर्यटन मार्फत रोजगारी सिर्जना गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक:के.एस.मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, व्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज ,पर्सा ०५१-५९१८७३